# स्थानीय तहको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमाको लागि

**कार्यक्षेत्रगत शर्त (TOR)**


**अन्नपूर्ण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कास्की**

**सम्पर्क : ०६१४१४१०१**

**इमेल : apgaupalika@gmail.com**

## स्थानीय तहको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गर्न इच्छुक सेवा प्रदायक परामर्शदाता (व्यक्ति संस्था/व्यक्ति) छनौटका लागि प्रस्ताव पत्र माग गर्न तयार गरिएको

## कार्यक्षेत्रगत शर्त (Terms of Reference – TOR )

### १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै लैंङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । महिलाको हक सम्बन्धी मौलिक हकको व्यवस्थाले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृकित रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागीताको अधिकार स्थापना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था गरेको छ । त्यसैगरी वडा समितिको काम, कर्तव्य र अधिकारमा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क संकलन गर्ने, विकास कार्य अन्तर्गत बालविवाह, बह-विवाह, लैंङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

संविधानद्वारा प्रदत्त मौलिक हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको भएता पनि सामाजिक असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएका कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ । लैससासका सवालहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवं कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र  प्रदेश सुशासन ऐन २०७६ को दफा ४३ ले दिएको अधिकार, प्रयोग गरी गण्डकी प्रदेश सरकारले लैससास निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार स्थानीय स्तरमा लैससास मूलप्रवाहीकरण सुनिश्चित गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्नका लागि सबै स्थानीय तहमा लैससास मूलप्रवाहिकरण रणनीति निमार्ण गर्न पर्ने अवस्थालाई ध्यानमा राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरूको कामले लैससासका विषयहरू सम्बोधन गर्न सकोस भन्ने उद्देश्यले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) मार्फत् प्राविधिक तथा आर्थिक सहायता उपलब्ध गराउँदै आइरहेको छ ।

अतः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको समन्वय, सहजिकरण र प्राविधिक सहयोगमा **अन्नपूर्ण गाउँपालिका,कास्कीको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति** (GESI Strategy) निर्माण

गर्नका लागि परामर्श सेवा खरिद गर्न योग्य तथा सम्बन्धित क्षेत्रमा विज्ञता भएका परामर्शदाता (संस्था/व्यक्ति) छनौट गर्ने प्रयोजनको लागि प्रस्ताव पत्र माग गर्न यो कार्यक्षेत्रगत शर्त तयार गरिएको छ ।

**२. औचित्य:**

संविधानद्वारा प्रदत्त मौलिक हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको भएता पनि सामाजिक असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएका कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ। लैससासका सवालहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवं कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र  प्रदेश सुशासन ऐन २०७६ को दफा ४३ ले दिएको अधिकार, प्रयोग गरी गण्डकी प्रदेश सरकारले लैससास निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार स्थानीय स्तरमा लैससास मूलप्रवाहीकरण सुनिश्चित गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्न अपरिहार्य छ ।

**३. उद्देश्य:**

यस कार्यक्रमको मुख्य उद्देश्य **अन्नपूर्ण गाउँपालिका,कास्कीले** आफ्नो स्थानीय तहको लैससास मूलप्रवाहिकरण रणनीति निर्माण गर्नु रहेको छ ।

३.१ **गाउँपालिकाको** कार्यक्रम, नीति नियम तथा ऐन कानूनी प्रावधानहरुको लैंगिक दृष्ठिकोणबाट समीक्षा गर्ने ।

३.२. **गाउँपालिकाको** लैससासको वर्तमान अवस्था, लैगिक उत्तरदायी बजेट , लैंससास परिक्षण जस्ता लैंससास सुनिश्चितता गर्ने ।

३.३ **गाउँपालिकाको** लैससास रणनीति अनुसार कार्ययोजना बनाइ सबै विषयगत कार्यक्रम, नीति तथा योजनाहरु लैंगिकमैत्री बनाइ कार्यन्वयन गर्ने ।

**४. प्रस्तावित कामको कार्यक्षेत्र (दायर):**

लैससास रणनीति निर्माणका लागि गर्नु पर्ने कामको क्षेत्र (दायरा) निम्नानुसार रहेको छ :

४.१ राष्ट्रिय लैससास नीति  २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, १५औं राष्ट्रिय योजना, दीगो विकासका लक्षहरू, लैससास स्थानीयकरण रणनीति २०७५, गण्डकी प्रदेशको लैससास निर्देशिका २०७७ लगायत अन्य सान्दर्भिक संघ, प्रदेश र संम्बन्धित स्थानीय  तहका कानून, नीतिनियम र योजनाको समीक्षा गर्ने ।

४.२ सम्बन्धित स्थानीय तहको कानूनी तथा नीतिगत व्यवस्था, संस्थागत संरचनात्मक व्यवस्था, योजना तथा कार्यक्रमको बारेमा अध्ययन, विश्लेषण र छलफल गर्ने ।

४.३ रणनीतिको मस्यौदा प्रस्तुतीकरण गरी सल्लाहसुझाव र पृष्ठपोषण संकलन गरी अन्तिम रुप दिने ।

४.४ कार्य सम्पन्नताको प्रतिवेदन लेखन ।

## ५. लैससास रणनीति तर्जुमा सहजिकरण प्रक्रिया

परामर्शदाताले कार्य सम्पादन गर्न सम्झौता भएको स्थानीय तहमा देहाय बमोजिमका प्रक्रियागत चरण तथा क्रियाकलापहरू सम्पन्न गरी लैससास रणनीति निर्माण कार्य सम्पन्न गर्नेछ :

५.१ कार्ययोजना बनाई छलफल गरी स्थलगत कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहहरूसँग सम्पर्क र समन्वय गर्ने ।

५.२ स्थानीय तहहरूमा प्रारम्भिक समन्वय बैठक गरी सम्बन्धित स्थानीय तहमा कार्य गर्न कार्ययोजना बनाउने र सोको जानकारी प्रतिष्ठानलाई दिने ।

५.३ स्थानीय तहले आवश्यक ठानेमा पालिका प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्ष वा प्रमुख/अध्यक्षले तोकको कार्यपालिका सदस्यको संयोजकत्वयमा समावेशी ढंगले रणनीति योजना तर्जुमा समिति गठन गरी परिचालन गर्न सक्नेछ ।

५.४ प्रमुख प्रशासकियसँगको समन्वयमा लैससास रणनीति तर्जुमाका लागि कार्याशालाको आयोजना गरी सहजिकरण गर्ने । साथै आवश्यक तथ्याङ्क संकलन गर्ने ।

५.५ तोकीएको खाकामा लैससास मूलप्रवाहिकरण रणनीतिको खाका तयार गरी प्रतिष्ठानमा पेश गर्ने, आवश्यक छलफल गर्ने, एवं प्राप्त सल्लाहसुझाव अनुसार अन्तिम रुप दिने । सोही खाका अनुसार रणनीति तयार गर्नु पर्ने । (संकलित तथ्याङ्क र कार्याशालाको छलफल एवं अभ्यासबाट प्राप्त नतिजाहरूको आधारमा रणनीतिको मस्यौदा प्रतिष्ठानले स्वस्कृत गरेको खाकामा तयार गर्ने ।

५.६ रणनीतिको प्रारम्भिक एवं संशोधित मस्यौदा उपर स्थानीय तहमा प्रस्तुतिकरण र छलफल गरी सल्लाह सुझाव, पृष्ठपोषण लिने ।

५.७ रणनीतिको कार्यन्वयनको लागि एक वर्षको कार्ययोजना तयार गर्न सहजिकरण गर्ने र सो कार्ययोजना रणनीति साथ सम्लग्न गर्नु पर्ने ।

५.८ रणनीतिको संशोधित मस्यौदा र कार्ययोजना प्रतिष्ठानलाई सुझाव एवं पृष्ठपोषणका लागि पेश गर्ने । प्रतिष्ठान समेतको सुझाव एवं पृष्ठपोषण समेटी रणनीतिलाई अन्तिम रुप दिई सम्बन्धित स्थानीय तहमा पेश गर्ने ।

५.९ कार्यपालिका बैठकले रणनीति स्वीकृत गरेको वा गर्ने लिखित प्रतिवद्धता सहित कार्यसम्पन्न पत्र सम्बन्धित स्थानीय तहबाट लिने र सो पत्र र स्थानीय तहमा पेश गरिएको स्वीकृत रणनीति समेत सम्लग्न गरी कार्यसम्पन्नताको प्रतिवेदन प्रतिष्ठानलाई पेश गर्ने ।

## ६. परामर्शदाताको भूमिका, जिम्मेवारी र दायित्व

यस कार्यक्रमका लागि परामर्शदाताको भूमिका, जिम्मेवारी र दायित्व निम्नानुसार हुनेछ :

६.१ स्थानीय तहको लैससास रणनीति निर्माणका लागि आवश्यक संख्यामा विज्ञ (प्राविधिक) टोलीको व्यवस्था गरी परिचालन गर्ने ।

६.२ नगर/नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, वडा सदस्यहरू तथा कर्मचारीहरूको सहभागितामा लैंगिक रणनीतिको आवश्यकता सम्बन्धी छलफल तथा अन्तरक्रिया र अभिमुखीकरण गर्ने ।

६.३ यस कार्यविवरण तथा सेवाशर्त बमोजिमको कार्यसम्पादन गर्न कार्ययोजना बनाई कार्यसम्पादन गर्ने ।

६.४ फिल्डमा हुने/भइरहेको कार्यक्रमको बारेमा प्रतिष्ठानको फोकल पर्शनलाई जानकारी गराउने ।

६.५ रणनीति तर्जुमा सहजिकरण प्रक्रिया सम्बन्धी माथि उल्लेखित क्रियाकलापहरू प्रभावकारी ढंगले भए नभएको अनुगमन गरी गुणस्तर सुनिश्चित गर्ने ।

६.६ यथासक्य छिटो रणनीति मस्यौदाहरू तथा रणनीति कार्यान्वयनको कार्यायोजना तयार गरी प्रतिष्ठानमा पेश गर्ने, प्रस्तुतिकरण गर्न लगाउने र प्राप्त सुझाव तथा पृष्ठपोषण समेटी अन्तिम रुप दिई सम्बन्धित स्थानीय तह र प्रतिष्ठानमा पेश गर्ने

६.७ यस कार्यविवरण, सम्झौता तथा कार्ययोजना अनुसार योजना, प्रतिवेदन, तथ्याङ्क एवं कागजातहरू पेश गर्ने ।

## ७. परामर्शदाताको छनौट, योग्यता र अनुभव

### ७.१ परामर्शदाताको योग्यता

लैससास क्षेत्रमा स्थानीय तह वा सार्वजनिक निकाय वा संघसंस्थाहरूको योजना तर्जुमा, परीक्षण, विश्लेषण, अध्ययन-अनुसन्धान, क्षमता विकास जस्ता सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्षको कार्यानुभव भएका सार्वजनिक खरिद सम्बन्धी कानूनले योग्य मानेको परामर्शदाता संस्परामर्श सेवाको लागि योग्य हुनेछ ।

### ७.२ .विज्ञ टोली

यस कार्यको लागि परामर्शदाताले निम्नानुसारको विज्ञ टोलीको व्यवस्था एवं परिचालन गर्नु पर्नेछ ।

(क) **टोली प्रमुख :** समाजशास्त्र तथा लैङ्गिक अध्ययन वा अन्य कुनै विषयमा कम्तिमा स्नातकोत्तर उत्तीर्ण र लैससास रणनीति निर्माण सम्बन्धी वा स्थानीय तह, संघसंस्थाको नीति, रणनीति, योजना तर्जुमाको क्षेत्रमा कम्तिमा ५ वर्षको कार्यानुभव भएको । नेपालको संघीयता, स्थानीय शासनका सवाल र स्थानीय तहहरूका लागि काम गररेको अनुभव भएको । टोली परिचालन, नेतृत्व, सरोकारवालाहरूसँग सम्पर्क समन्वय तथा सहभागितामूलक विधिको प्रयोग गर्नसक्ने ।

(ख) **लैससास विज्ञ :** समाजशास्त्र तथा लैङ्गिक अध्ययन वा अन्य कुनै विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको कार्यानुभव भएको । लैससास सम्बन्धी रणनीति, योजना तर्जुमा गरेको वा स्थानीय तहको नीति तथा योजना तर्जुमा, क्षमता विकास, संस्थागत विकास सम्बन्धी कार्यानुभव भएको ।

## ८. कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय अवधि

| **क्रियाकलाप** | **दिन** |
|---|---|
| सन्दर्भ सामग्रीको अध्ययन | २ |
| स्थानीय तहहरूमा प्रारम्भिक समन्वय बैठक तथा कार्ययोजना निर्माणका लागि अभिमुखीकरण | १ |
| आवश्यक तथ्याङ्क संकलन तथा विश्लेषण | ३ |
| लैससास रणनीति मस्यौदा तयारी | ५ |
| लैससास रणनीति मस्यौदा प्रस्तुतकिरण, सुझाव संकलन तथा रणनीतिको कार्यन्वयन कार्ययोजना निर्माण | २ |
| लैससास रणनीति अन्तिम मस्यौदा तथा प्रतिवेदन तयारी | ३ |
| **जम्मा कार्यदिन** | **१६** |

## ९. कार्यसम्पादन गरी पेश गर्नु पर्ने प्रतिवेदन तथा आवश्यक दस्तावेजहरू

सेवा प्रदायकले देहायका प्रतिवेदन तथा दस्तावेजहरू तयार गरी पेश गर्नुपर्नेछ :

(क) कार्य प्रारम्भको प्रतिवेदन ।
(ख) तोकिएको ढाँचामा हरेक स्थानीय तहको लैससास रणनीतिको मस्यौदा तथा अन्तिम प्रति (छुट्टछुट्टै) र रणनीति कार्यान्वयनको कार्ययोजना ।
(ग) रणनीति तर्जुमा कार्यशालाको विवरण, सहभागीको उपस्थिति लगायत आवश्यक कागजात सहितको कार्यसम्पन्न प्रतिवेदन ।
(नोटः सबै प्रतिवेदन, रणनीति तथा अन्य कागजातहरू इ-कपी समेत पेश गर्नु पर्नेछ)

पेश गर्नु पर्ने प्रतिवेदन, सो सम्लग्न हुनु पर्ने कागजात र समय सीमा निम्नानुसार हुनेछ : यस कार्यबाट प्राप्त हुने प्रतिफलहरु तथा आवश्यक समयसीमा तलको तालिकामा उल्लेख गरिएको छ। यस कार्यका लागि कुल अवधि १६ दिनको तोकिएको छ। लैससास रणनीति कार्य ३० दिन भित्र पुरा गरी सक्नु पर्नेछ ।

| **प्रतिवेदनको किसिम** | **समावेश गर्नु पर्ने विवरण, तथ्याङ्क र कागजातहरू** | **समय सीमा** | **प्रस्तावित मिति** | | |
|---|---|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन | कार्ययोजना, स्थानीय तहसँग समन्वय गरी कार्यशाला गर्ने मिति तय भएको कार्यतालिका, विज्ञ टोली परिचालनको विवरण, जिम्मेवारी बाँडफाँड, अभिमुखिकरण तथा कार्याशालाको तालिका, र रणनीति खाका आदि सहित प्रतिवेदन | तोकिएको कार्यथालनी गर्ने मितिले ३ दिन भित्र | ○ | | |
| लैससास रणनीतिको सम्बन्धि अभिमुखिकरण | स्थानीय तहमा १ दिने कार्यशाला सम्पन्न, स्थानीय तहहरूमा प्रारम्भिक समन्वय बैठक तथा कार्ययोजना निर्माणका लागि अभिमुखीकरण | तोकिएको कार्यथालनी गर्ने मितिले ५ दिन भित्र | ○ | | |
| तोकिएको ढाँचामा स्थानीय तहको लैससास रणनीतिको मस्यौदा | तोकिएको ढाँचामा स्थानीय तहको लैससास मूलप्रवाहिकरण रणनीतिको मस्यौदा तयारी तथा तथ्यांक तथा सूचना संकलन तथा विश्लेषण | तोकिएको कार्यथालनी गर्ने मितिले ७ दिन भित्र | ○ | | |
| रणनीतिको अन्तिम मस्यौदा | सम्बन्धित स्थानीय तह, प्रतिष्ठानका विज्ञहरूले दिएको पृष्ठपोषण तथा सुझाव समावेश गरी तोकिएको ढाँचा र मापदण्डमा स्थानीय तहको लैससास मूलप्रवाहीकरण रणनीति र सो कार्यान्वयनको कार्ययोजना | तोकिएको कार्यथालनी गर्ने मितिले १६ दिन भित्र | | ○ | |
| कार्य सम्पन्नको अन्तिम प्रतिवेदन | रणनीतिको अन्तिम तयारी प्रति, कार्यसम्पन्न भएको भन्ने व्यहोराको स्थानीय तहको सक्कल पत्र र अन्तिम कार्यसम्पन्न प्रतिवेदन *(प्रतिवेदनमा अभिमुखिकरण तथा कार्याशाला सहजिकरणको संक्षिप्त प्रक्रियागत विवरण सहितको कार्य सम्पन्न प्रतिवेदन, संकलित सबै* | तोकिएको कार्यथालनी गर्ने मितिले ३० दिन भित्र | | | ○ |

| | | | | | |
|---|---|---|---|---|---|
| | *तथ्याङ्कहरू, कार्यक्रम अनुसारको, बैठक, छलफल, सहभागीहरूको नामावली तथा  सान्दर्भिक फोटोहरू आदि समावेश गरेको हुनुपर्नेछ)* | | | | |
| | | | | | |

**१०. रणनीति तथा अन्य दस्तावेजहरूको स्वामित्व**

यस लैससास मूलप्रवाहिकरण रणनीतिको स्वामित्व सम्बन्धित स्थानीय तहमा रहनेछ भने यस कार्यसँग सम्बन्धित प्रतिवेदन तथा अन्य सान्दर्भिक कागजात, संकलित तथ्याङ्क आदिको स्वामित्व गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा रहनेछ ।

**११. लागत अनुमान तथा बजेट व्यवस्थापन**

स्थानीय तहको लैससास रणनीति निर्माणका लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान मार्फत संचालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तरगत चालु आ. व २०७८/०७९ मा विनियोजित बजेटबाट व्यवस्था गरिनेछ ।

**१२. समन्वय, सहयोग तथा अनुगमन**

लैससास रणनीति निर्माणका लागि परामर्शदाताले गाउँपालिकासँग आवश्यक समन्वय गरि तहाँ स्थानीय तहकै नेतृत्वमा तथा अगुवाईमा कार्य सम्पादन गर्नु पर्ने छ । साथै तोकिएको ढाँचा तथा प्रक्रिया र कार्ययोजना अनुरुप कार्य भए नभएको सुनिश्चित गर्न आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहले गर्नु पर्ने छ । साथै आवश्यकता अनुसार गण्डकी प्रदेश प्रतिष्ठानले अनुगमन गर्ने छ ।

**१३. कामको स्वामित्व**

यस लैससास रणनीतिको सम्पूर्ण स्वामित्व **अन्नपूर्ण** गाउँपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा रहनेछ । यस कार्यक्रमसँग सम्बन्धित प्रतिवेदन तथा अन्य सान्दर्भिक कागजात, संकलित तथ्यांक आदिको स्वामित्व गण्डकी प्रदेश प्रतिष्ठानमा रहनेछ ।

**१४. गुनासो तथा विवाद समाधान**

यस परामर्श सेवाक सिलसिलामा कुनै असहमती वा असमझदारी भएमा वा विवाद उत्पन्न भएमा दुवै पक्षबाट अग्रसरता लिई आपसी सहमतीमा टुङ्गो लगाइनेछ । कारणवश विवाद समाधान हुन नसकेमा प्रचलित कानून अनुसार हुनेछ ।